कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

☎ ०८१-५४०००९


प.सं.: ०८१/०८२

च.नं.: १५६१

मितिः २०८१/०९/२५

ई-रिक्सा व्यवसायी संघ/प्रा.लि./समितिहरु सबै

कोहलपुर नगरपालिका,बाँके

**बिषयः- ई-रिक्सा सुचिकृत सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कोहलपुर नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका ईरिक्साहरुलाई सुचिकृत गरी नियमानुसार संचालन अनुमति दिन साविकको गाविस र कोहलपुर नगरपालिकामा विगतमा दर्ता/सुचिकृत भएका र नेपालगन्ज उपमहानगरपालिकाबाट यस नगरपालिकामा ठाउँ सारी भई आएका ईरिक्साहरुको अभिलेख अध्यावधिक गरी संख्या एकीन गर्न तोकिएको समय सिमा भित्र नविकरण/सुचिकृत नहुने ईरिक्साहरुको लगत कट्टा गरी संचालन गर्न नदिने भनी कार्यपालिकाको मिति २०८१/०९/०३ गतेको निर्णय भएको हुदाँ सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ ।साथै देहाय बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पैतिस(३५) दिन भित्र सुचिकृत गर्न गराउन ईरिक्सा व्यवसायी संघ/प्रा.लि./समितिका प्रतिनिधि सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. निवेदन
२. ईरिक्साको चेसिस नंबर स्पष्ट देखिने गरि खिचिएको फोटा
३. सम्वन्धित व्यक्तिको ना.प्र.प.को प्रतिलिपि
४. किनबेच गरेको भए सो ब्यहोरा खुल्ने कागजात
५. यातायात व्यवस्था कार्यालयमा दर्ता नविकरण भए/नभएको कागजातहरु

....................

(मानबहादुर गिरी)

प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखाः-कोहलपुर नगरपालिकाको वेवसाईट र फेसबुक पेजमा सूचना अपलोड गरिदिन हुन ।